'उज्यालो नेपालको संवाहक'
# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं

## प्रेस विज्ञप्ति

नेपाल विद्युत प्राधिकरण नयाँ वर्ष २०८२ सालको अवसरमा सम्पूर्ण ग्राहकवर्गमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

आफ्ना ग्राहकहरुलाई नियमित,गुणस्तरिय र भरपर्दो विद्युत सेवा उपलब्ध गराउन प्राधिकरण सदैव प्रतिवद्ध रहेको छ । देशका विभिन्न क्षेत्रमा आएको हावाहुरी तथा प्रि-मन्सुनका कारण सिर्जना भएको प्रतिकूल मौसमले छोटो समय विद्युत सेवा अवरुद्ध हुन जाने सन्दर्भमा लोडसेडिङ्ग भएको भनि अतिरञ्जित र भ्रामक भनाइहरु सामाजिक सञ्जालमा व्यक्त हुँदै आएको प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

प्रतिकूल मौसमका कारण अवरुद्ध भएको विद्युत सेवा पुनः सुचारु गर्न देशभरका वितरण केन्द्रबाट दिन रात निरन्तर काम भई अधिकांश स्थानमा यथाशिघ्र विद्युत आपूर्ति सुचारु गरिएको व्यहोरा जानकारी गराउँदछौं । यति हुँदाहुँदै पनि विद्युत सेवा अवरुद्ध हुन गई ग्राहकवर्गमा पर्न गएको असुविधा प्रति क्षमा प्रार्थी छौं ।

अवरुद्ध भएको विद्युत यथासम्भव छिटो सुचारु गर्न प्राधिकरणको तर्फबाट भएको प्रयासमा सहकार्य गरिदिनुहुन साथै यस्तो अवस्थामा विद्युतीय संरचनाहरुमा क्षति पुग्न गई (पोल ढल्ने, तार लत्रिने आदि) जनधनको समेत क्षति हुन सक्ने अवस्थाबाट सुरक्षित रहनुहुन र विद्युतीय संरचनामा क्षति पुगेको पाइएमा नेपाल विद्युत प्राधिकरणका सम्बन्धित कार्यालय वा प्राधिकरणको हट लाइन नम्वर ११५० मा यथाशिघ्र जानकारी गराउनुहुन समेत सम्पूर्ण ग्राहकवर्गमा अनुरोध छ । स्थानिय नो-लाईटको सम्पर्क नम्बरका लागि www.nea.org.np हेर्न सक्नु हुनेछ ।

नेपाल विद्युत प्राधिकरण
मिति २०८१/१२/३१

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२, फ्याक्स : ०१४१५३००९